स्थानीय सरकार
खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

# मौजुदा सूचिमा सूचिकृत हुने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०४।०२)

खाँडादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक वर्ष २०८३/८४ को लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० को उपदफा ६, दफा ४१ को उपदफा १ (क) र दफा ४६ बमोजिम गरिने मालसमान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा खरिद कार्यका लागि ईच्छुक व्यक्ति, फर्म, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्श दाता, गैरसरकारी संस्था वा सेवा प्रदायक संस्थाले तपसिल बमोजिमको कागजातको प्रतिलिपि संलग्न गरी सूचिकृत हुन खाँडादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा भौतिक रुपमा वा कार्यालयको जिन्सी शाखाको इमेल ठेगाना- store.khandadevi@gmail.com मा तोकिएको ढाँचामा निवेदन पेस गर्नका लागि यो सूचना आह्वान गरिएको छ।

तपसिलः

क. संस्था तथा फर्म दर्ता प्रमाणपत्र

ख. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र

ग. कर चुक्ता प्रमाणपत्र

(पुनश्चः इमेल मार्फत कागजात पठाउँदा सबै कागजातहरूलाई एउटै PDF फाईलमा संलग्न गरी पठाउनुपर्नेछ।)

निवेदनको ढाँचाका लागि यहाँ क्लिक गर्नुहोस।

प्रमुख प्रशासकीय अधिकृत